# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १२२ | काठमाडौं | बिहीबार, ०६ भदौ २०८१ | Prabhab National Daily | Thursday, August 22, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**विपद व्यवस्थापनमा सहयोगी बनौ**

- विपदले आपतकालीन अवस्था सिर्जना गर्न सक्छ,
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ,
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं,
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं,
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं,
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं,
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं,
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं,
- बालबालिका, जेष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं,
- उद्दार, राहत, पुर्नस्थापना, पुनर्लाभ सहभागी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# समानुपातिक प्रणालीको दुरुपयोगमा सर्वोच्चको लगाम

- समानुपातिक समावेशी सिद्धान्तको व्यावहारिक कार्यान्वयनका लागि विद्यमान कानुनमा थप परिमार्जन गर्न आदेश
- ऐन संशोधनमार्फत पहुँचवालालाई संसद् छिर्ने बाटो रोक्न सकिने सर्वोच्चको ठहर



■ प्रभाव संवाददता

**काठमाडौं–** कांग्रेस-एमालेको सत्ता गठबन्धन बनेयता सर्वाधिक बहसमा रहेको समानुपातिक निर्वाचन प्रणालीबारे सर्वोच्च अदालतले सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको छ । आदेशमा समानुपातिक निर्वाचन प्रणालीबाट सांसद बन्नका लागि पहुँचवालाको हालिमुहाली रोक्न भनिएको छ ।

त्यसका लागि आगामी २०८४ सालमा हुने चुनावअघि नै निर्वाचन ऐन संशोधन गर्न पनि सरकारको नाममा सर्वोच्चले आदेश दिएको छ । ऐन संशोधनमार्फत पहुँचवालालाई संसद् छिर्ने बाटो रोक्न सकिने सर्वोच्चको ठहर छ । सर्वोच्चले आदेशमा भनेको छ, 'समानुपातिक समावेशी सिद्धान्तको व्यावहारिक कार्यान्वयनका लागि विद्यमान कानुनमा थप परिमार्जन गर्नू ।'

आगामी २०८४ मा स्थानीय, प्रदेश र संघ गरी तीन तहकै निर्वाचन हुने छ । निर्वाचनअघि नै अब सर्वोच्च अदालतको व्याख्याअनुसार निर्वाचन ऐन संशोधन गर्नुपर्ने भएको छ ।

सर्वोच्चमा वरिष्ठ अधिवक्ता बालकृष्ण नेउपानेसहितले समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित ११० जना सांसदहरूको चयन संविधानको मर्म र भावनाविपरीत भएको दाबी गर्दै रिट निवेदन दिएका थिए । सांसदको चयन नै असंवैधानिक भन्ने दाबी भने सर्वोच्चले खारेज गरेको छ । ३० फागुनमा भएको यस्तो आदेशको पूर्णपाठ हालै सार्वजनिक भएको हो ।

आदेश दिने न्यायाधीशहरूमा विश्वम्भरप्रसाद श्रेष्ठ, आनन्दमोहन भट्टराई, प्रकाशमान सिंह राउत, प्रकाशकुमार ढुंगाना र सुष्मालता माथेमा हुन् । उनीहरू सम्मिलित संवैधानिक इजलासले रिट निवेदन खारेज गरेसँगै सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको हो ।

आदेशमा अदालतले सीमित र प्रभावशाली व्यक्तिहरूले समानुपातिक निर्वाचन प्रणालीको फाइदा उठाएको कुरालाई स्वीकार गरेको छ । सोही कारण व्यावहारिकरूपमा त्यस्तो प्रवृत्ति हटाउनुपर्नेमा जोड दिइएको छ ।

आदेशमा १५ वर्षअघिको प्रतिनिधिसभा निर्वाचन ऐन, २०७४ को दफा २८ ले समावेशी सिद्धान्तलाई स्वीकार गरेकोसमेत अवस्थामा संविधानको प्रस्तावना, मौलिक हकसम्बन्धी व्यवस्था, राज्यका निर्देशक सिद्धान्त र संविधानमा समानुपातिक समावेशिताबारेमा गरिएका समस्त व्यवस्थाहरूलाई दृष्टिगत गर्दा समानुपातिक समावेशी सिद्धान्तको व्यावहारिक कार्यान्वयनका लागि विद्यमान कानुनमा थप परिमार्जन गरिनु वाञ्छनीय देखिने भनिएको छ ।

निर्वाचनसँग सम्बन्धित प्रचलित कानुनमा संविधानको शब्द, भाव र मर्मअनुरूप आवश्यक पुनरावलोकन गर्नू गराउनू भनी प्रत्यर्थीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने उल्लेख छ ।

गत चुनावमा कांग्रेसबाट देशको पाँचपटक प्रधानमन्त्री भइसकेका सभापति शेरबहादुर देउवाले उनकी पत्नी डा. आरजु राणालाई समानुपातिकबाट सांसद बनाए । उपप्रधानमन्त्रीसमेत भइसकेका गोपालमान श्रेष्ठ पनि समानुपातिक सांसद छन् । मधेसमा कांग्रेसको खम्बा मानिने विमलेन्द्र निधिलाई पनि समानुपातिक सांसद बनाए ।

(क्रमशः पृष्ठ २ मा)

कोरियन एयरलाइन्सको 'सिण्डिकेट'

# चर्को भाडाको मारमा नेपाली श्रमिक

- इपिएस कोरिया शाखाले आह्वान गरेको टेण्डर प्रक्रिया अवरुद्ध
- सर्वोच्चको अल्पकालीन अन्तरिम आदेशले रोकियो टेण्डर
- कोरिया जाने श्रमिक एकतर्फी उडानका लागि ८९५ अमेरिकी डलर भाडा तिर्न बाध्य




सन्दर्भः वैदेशिक रोजगार

■ मोहनप्रसाद पन्त

**काठमाडौं–** रोजगारीका लागि कोरिया जाने नेपाली श्रमिकहरूले हवाई भाडाको चर्को मार खेप्नुपरेको छ । सस्तो दरमा कोरिया पठाउनेगरी वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले आह्वान गरेको टेण्डर प्रक्रिया अवरुद्ध भएपछि नेपाली श्रमिकले चर्को हवाई भाडा तिर्नुपर्ने बाध्यता हट्न नसकेको हो ।

कोरियन एयरले नेपालबाट एकलौटीरूपमा नेपाली श्रमिकलाई कोरिया लैजाँदै आएको छ । कोरियन एयरलाइन्सको 'सिण्डिकेट'बाट श्रमिकले चर्को भाडा बुझाउनुपरेको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सम्झौता तोडेर ग्लोब टेण्डर आह्वान गर्न वैदेशिक रोजगार विभागमार्फत इपिएस कोरिया शाखालाई निर्देशन दिएको थियो ।

मन्त्रालयको निर्देशनअनुसार इपिएस कोरिया शाखाले २७ असारमा टेण्डर आह्वान गरे पनि कोरियन एयरको नेपाली एजेन्ट युनिभर्सल टुर्स एण्ड ट्राभल्सले हालेको मुद्दामा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएपछि टेण्डर प्रक्रिया अवरुद्ध हुन पुग्यो । कोरोना महामारीको कारण देखाउँदै सोझै उडानमार्फत कोरिया लैजानुपर्ने प्रस्ताव आएको भन्दै सरकारले कोरियन एयरसँग माघ २०७९ मा एक वर्षका लागि प्रतिव्यक्ति ८९५ डलर भाडादर निर्धारण गरी पठाउने सम्झौता गरेको थियो ।

तत्पश्चात् कोरिया जाने श्रमिकहरू सामान्यभन्दा दोब्बर भाडा तिरेर कोरिया जानुपर्ने बाध्यता थियो नै, त्यसमाथि गत साउन १४ गते भएको सार्वोच्चको आदेशले अझै लामो समय चर्को हवाई भाडाको मार कायमै रहने भएको छ । कोरिया जाने श्रमिकले एकतर्फी उडानका लागि ८९५ अमेरिकी डलर अर्थात् करिब एक लाख २० हजार रूपैयाँ तिर्नुपर्छ । जबकि, नेपाल एयरलाइन्सलगायत अन्य अन्तर्राष्ट्रिय उडान भर्ने एयरलाइन्सहरूले कोरिया जाने रुटमा एकतर्फी भाडा न्यूनतम ३१ हजार रूपैयाँसम्म लिने गरेका छन् । यस्तो हुनुमा सरकारकै कमजोरी देखिएको छ । एक वर्षका लागि गरिएको सम्झौता इपिएस कोरिया शाखाले बीचमा थप एक वर्ष अर्थात् २०८१ माघसम्मका लागि पुनः म्याद थप गरिदियो । यसले गर्दा कोरियन एयरलाइन्सको एजेन्टलाई अदालत जान सजिलो भयो ।



> त्यतिबेला टेण्डरमा जान ढिला भएकाले म्याद थपिएको रहेछ । अहिले सर्वोच्च अदालतको आदेशले रोकिएको छ । अब केही समयपछि निकास निस्केला । अहिलेलाई तोकिएकै भाडा तिरेर जानुको विकल्प छैन ।
>
> **डण्डुराज घिमिरे**
> **निवर्तमान महानिर्देशक, वैदेशिक रोजगार विभाग**

सर्वोच्चका न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले टेण्डर प्रक्रियामा सहभागी एयरलाइन्सहरूको छनोट प्रक्रिया यथास्थितिमा राख्न अन्तरिम आदेश दिएसँगै मुद्दाको अन्तिम किनारा नलागेसम्म टेण्डर खोल्न नमिल्ने इपिएस कोरिया शाखाले जनाएको छ । इपिएसमार्फत कोरियन भाषा पास गरेर हरेक वर्ष १२ देखि १५ हजार श्रमिक कोरियामा रोजगारीका लागि जाने गरेका छन् । अघिल्लो वर्षमात्रै इपिएसबाट २० हजारभन्दा बढी नेपाली कोरिया गएका थिए ।

टेण्डरमार्फत प्रतिस्पर्धा गराएर कोरिया पठाउन प्रतिव्यक्ति अधिकतम ४० हजार रूपैयाँसम्म एकतर्फी हवाई भाडा निर्धारण हुने अवस्था रहेको वैदेशिक रोजगार विभागको महानिर्देशकबाट भर्खरै सरुवा गरिएका डण्डुराज घिमिरेले बताए । 'त्यतिबेला टेण्डरमा जान ढिला भएकाले म्याद थपिएको रहेछ, अहिले सर्वोच्च अदालतको आदेशले रोकिएको छ,' उनले भने, 'प्रक्रियामा गइसकेको छ, केही समयपछि निकास निस्केला, अहिलेलाई तोकिएकै भाडा तिरेर जानुपर्ने अवस्था छ ।'

(क्रमशः पृष्ठ २ मा)

# रोजगारी र लगानीका नयाँ गन्तव्य बन्दै 'स्टार्टअप'

- 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१' कार्यान्वयनमा
- २० लाख रुपैयाँसम्मको कर्जा परियोजना नै धितो राखेर पाइने
- कर्जाको ब्याज तीन प्रतिशतमात्रै
- उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको र वार्षिक कारोबार १५ करोड रुपैयाँ ननाघेको हुनुपर्ने




■ रमेश लम्साल

**काठमाडौं–** नवप्रवर्तनमा आधारित उद्योग सेवा तथा व्यवसायलाई प्रवर्द्धन गर्ने लक्ष्यका साथ सरकारले 'स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१' कार्यान्वयनमा ल्याएको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यान्वयनमा ल्याएको सो कार्यविधिले स्टार्टअप गर्न चाहनेलाई मार्गप्रशस्त गरेको छ ।

सो कार्यविधिले नवप्रवर्तनमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्न चाहनेलाई सहज वातावरणमात्रै बनाएको छैन, रोजगारी र लगानीको थप क्षेत्रसमेत पहिचान गरेको छ । सरकारले गत साउन ३० गतेमात्रै उक्त कार्यविधि स्वीकृत गरेको थियो । कार्यविधिअनुसार पाँच लाखदेखि २० लाख रूपैयाँसम्मको कर्जा परियोजना नै धितो राखेर पाइन्छ । त्यसमा तीन प्रतिशतमात्रै ब्याज लाग्ने छ । पछिल्ला दिनमा यसप्रकारको व्यावसायिक अवधारणाका बारेमा सरकार र निजी क्षेत्रले साझा छलफलमात्रै अगाडि बढाएका छैनन् । त्यसका लागि मिलेर काम गर्ने संकल्पसमेत गरेका छन् ।

सोही क्रममा बुधबार 'स्टार्टअप नेसन, २०३०' विषयक कार्यक्रम आयोजना गरियो । कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सानासाना पुँजीबाट उत्पादन वृद्धि हुने धेरै उद्योग स्थापना र विस्तार गर्नुपर्नेमा जोड दिए । प्रधानमन्त्री ओलीले नवीन र सिर्जनशील सोचका साथ युवा र महिलाले कामका लागि विदेश नगई स्वदेशमै रोजगारी र आम्दानीका अवसर खोज्नसक्ने मात्र बताएनन्, नवप्रवर्तनमा आधारित व्यवसायमा लाग्न युवा पुस्तालाई आह्वानसमेत गरे ।

सोही कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले पनि स्टार्टअप 'बिजनेस' लाई अघि बढाउन सरकारका तर्फबाट सबै प्रकारको सहयोग उपलब्ध गराउने दृढता व्यक्त गरे । सिर्जनशील युवालाई स्टार्टअप बिजनेसका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन आग्रह गर्दै अर्थमन्त्रीले देशभित्र भविष्य खोज्न र राष्ट्र निर्माणको वाहक बनेर योगदान गर्न आग्रह गरे ।

(क्रमशः पृष्ठ २ मा)

## यी हुन् स्टार्टअप उद्यमका क्षेत्र

सरकारले सार्वजनिक गरेको कार्यविधिअनुसार विभिन्न १९ वटा क्षेत्रलाई स्टार्टअप उद्यमका क्षेत्रका रूपमा निर्धारण गरेको छ । त्यसमा कृषि, सिँचाइ तथा पशुपन्छीमा आधारित उद्यम, उत्पादनमूलक उद्यम, वन (जडीबुटी, वन पैदावार) मा आधारित उद्योग व्यवसाय समावेश छ । यस्तै पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित क्षेत्र, विज्ञान, प्रविधि, सञ्चार तथा सूचना प्रविधिमा आधारित उद्यम पनि यसैमा समावेश छ ।

मानव स्वास्थ्य सेवासँग सम्बन्धित क्षेत्र, शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित उद्यम सहज र सुरक्षित यातायात तथा पारवहन सेवा, पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित क्षेत्र, विद्युतीय सवारीसाधन तथा अटोमोबाइलसँग सम्बन्धित उद्यम स्टार्टअपमा समावेश छ । परम्परागत तथा ग्रामीण प्रविधि, स्थानीय स्रोत तथा साधनमा आधारित उद्यम, सार्वजनिक सेवा प्रवाह, उत्पादन तथा सेवा प्रक्रियामा

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश




प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

**पृष्ठ १ बाट क्रमशः**

## चर्को भाडाको...

चर्को भाडाको...कोरियन एयलाइन्सले लिने चर्को भाडाका सम्बन्धमा पहिलेदेखि नै संसद्देखि समितिसम्म आवाज उठ्दै आएको छ। यद्यपि, श्रम मन्त्रालयले समयमै निर्णय नलिँदा श्रमिकले चर्को आर्थिक भार खेप्नु परेको बताइएको छ। आर्थिक चलखेलका कारण पनि श्रमिकले महँगो हवाई भाडा तिर्नुपरेको कतिपय सरोकारवालाहरूको दाबी छ। यस्तो अवस्थामा सस्तो दरमा हवाई टिकटको प्रबन्ध मिलाउन श्रमिक कोरिया संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले श्रम मन्त्रालयलाई निर्देशनसमेत दिइसकेको छ।

समितिको निर्देशनको जवाफ दिँदै श्रममन्त्री शरतसिंह भण्डारीले कोरियन एयरलाइन्सको तर्फबाट कुनै सर्त नराखे पनि आह्वान गरिएको टेण्डर प्रक्रिया रोक्न सर्वोच्च अदालतबाटै आदेश आएकाले तत्काल केही गर्न नसकिने बताए। केही दिनअघि बसेको समितिको बैठमा पूर्वश्रममन्त्री डोलप्रसाद अर्यालले पनि कोरिया जाने श्रमिकबाट चर्को हवाई भाडा असुलेको भन्दै पछिल्लो एक वर्षमा मात्रै एक अर्ब १५ करोड रूपैयाँभन्दा बढी रकम अपचलन भएको दाबी गरे। उनले कोरियाले आफ्नो एयरलाइन्सबाट सीधा उडानमार्फत आउनुपर्छ नभनेकाले श्रमिकलाई आफैं टिकट काटेर जान दिनुपर्ने बताए।

●●●

## समानुपातिक प्रणालीको...

एमाले महासचिव शंकर पोखरेलले आफ्नी बहिनी मेनकाकुमारी पोखरेललाई समानुपातिक सांसद बनाएका छन्। नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दलमा पनि यस्तै समस्या छ। यसरी पहुँचका आधारमा सांसद चयन गर्दा समानुपातिक प्रणालीमाथि नै प्रश्न उठेको छ। जसलाई सर्वोच्च अदालतको आदेशले सम्बोधन गरेको छ।

●●●

## रोजगारी र लगानीका...

अर्थमन्त्री पौडेलले स्टार्टअप उद्यममा सुरुमा सफलताभन्दा असफलता बढी हुने भन्दै नआत्तिनसमेत अनुरोध गरे। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले स्टार्टअपलाई सरकारले आकर्षक कार्यक्रमका रूपमा अगाडि बढाएको जानकारी दिए। राससर्सँगको अन्तर्वार्ताका क्रममा उनले भने, 'स्टार्टअपलाई कहिले राष्ट्रिय योजना आयोग र अन्य निकायबाट सञ्चालन गर्ने प्रयत्न गरिएको थियो, पछिमात्रै उद्योग मन्त्रालयमा पठाइयो। अब यो कार्यक्रम सघनरूपमा कार्यान्वयनमा जान्छ।' २५ करोड रूपैयाँबाट सुरु भएको स्टार्टअप कोष अहिले एक अर्ब रूपैयाँबराबर पुगेको मन्त्री भण्डारीले उल्लेख गरे।

वस्तु-सेवा र प्रक्रियाको विकास, उत्पादन, सञ्चालन र वितरणमा नवीन अन्वेषण एवं सिर्जनशील सोचको प्रयोग गरी व्यवसायका रूपमा सञ्चालन भएका र स्तरोन्नतिको सम्भावना रहेको उद्यमलाई स्टार्टअपका रूपमा लिइन्छ। सूचना प्रविधिको उपयोग एवं सिर्जनशील सोच नै यस्तो व्यवसायको खास मर्म रहने गरेको छ।

सरकारले कार्यान्वयनमा ल्याएको कार्यविधिमा उद्यम व्यवसाय दर्ता भई १० वर्ष ननाघेको, प्राइभेट फर्म, साझेदारी फर्म, कम्पनी वा सहकारी संस्था उद्योगका रूपमा दर्ता भएको, व्यवसाय स्थापना भएपछि कुनै पनि आर्थिक वर्षमा वार्षिक कारोबार १५ करोड रूपैयाँ ननाघेको हुनुपर्ने छ। नवीन सिर्जनशील सोचलाई उद्यम व्यवसायका रूपमा रूपान्तरण गरी तीव्र वृद्धिको सम्भावना पनि हुनुपर्ने स्टार्टअप उद्यमको योग्यताका रूपमा चित्रण गरिएको छ। *रासस*

●●●

## यी हुन्...

सुधारसँग सम्बन्धित उद्यम, खानी तथा खनिजको अनुसन्धान र विकाससँग सम्बन्धित उद्यम पनि त्यसमा उल्लेख छ।

घरायसी वा दैनिक जीवनयापनलाई सरल, सहज, सुरक्षित बनाउन सहयोग पुग्ने प्रकृतिका कार्यसँग सम्बन्धित उद्यम, वस्तु वा सेवाको वितरण प्रणालीसँग सम्बन्धित उद्यम, परम्परागत पेसा तथा उद्यमको पुनर्जागरणसँग सम्बन्धित उद्यम, खाद्य प्रविधि तथा पोषणसँग सम्बन्धित उद्यम तथा फोहोरमैला व्यवस्थापनसँग सम्बन्धित उद्यमलाई सरकारले स्टार्टअपमा समावेश गरी आवश्यक प्रक्रिया अगाडि बढाएको छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकाल नेपाल उद्योग वाणिज्य महासंघको पहलमा स्थापित लगानी कम्पनीले स्टार्टअपमा लगानी गर्ने बताउँछन्। महासंघको पहलमा १० अर्ब रूपैयाँबराबरको लगानीमा लगानी कम्पनी स्थापना भएको छ। यो स्वतन्त्ररूपमा सञ्चालन हुने र जुनसुकै लगानीकर्ताले कम्पनीमा लगानी गर्नसक्ने ढकालको भनाइ छ।

महासंघले प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक केन्द्र स्थापना गर्ने तयारी गरेको छ। महासंघको केन्द्रीय कार्यालयमा पनि केन्द्र स्थापना गर्ने तयारी भइरहेको छ। स्टार्टअप कार्यक्रमका लागि एक दशकअघि बजेट विनियोजन गर्न थालिएको भए पनि पछिल्ला दिनहरूमा मात्रै यसको औपचारिकरूपमा परिभाषित भएको महासंघको बुझाइ छ।

तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले चार महिनाअघि लगानी सम्मेलनमा परिमार्जन गरेका आठ ऐनमध्ये एउटा औद्योगिक व्यवसाय ऐनमा स्टार्टअपको कानुनी परिभाषा समावेश थियो। त्यसपछि मात्रै स्टार्टअप नीति पारित भएको थियो।

स्टार्टअप र नयाँ उद्यमीलाई सहज बनाउन युवालाई सहयोग गर्न 'इन्क्युवेसन र इनोभेसन सेन्टर' हरू स्थापना गर्नुपर्ने माग पनि उस्तै रूपमा उठेको छ। प्रारम्भिक चरणका रूपमा नेपाल उद्योग वाणिज्य महासंघले सुदूरपश्चिम प्रदेश सरकार र कैलाली उद्योग वाणिज्य संघसँगको सहकार्यमा इन्क्युवेसन सेन्टर स्थापनाको प्रक्रिया अघि बढाएको छ।

कार्यविधिअनुसार, उद्यमीले उद्देश्यबमोजिम कर्जा रकमको प्रयोग गर्ने, सम्झौताबमोजिम कर्जाको साँवा र ब्याज भुक्तानी गर्ने, नियामक निकाय वा बैंकबाट हुने अनुगमनका क्रममा आवश्यक सूचना तथा तथ्यांक उपलब्ध गराउने, आफ्नो स्टार्टअप उद्यमको प्रगति प्रतिवेदन चौमासिकरूपमा कर्जा प्रवाह गर्ने बैंकमा पेस गर्नुपर्ने छ।

यस प्रकारको अवधारणामा 'परियोजना' धितो राखेर तीन प्रतिशत ब्याजदरमा पाँच लाखदेखि २० लाख रूपैयाँसम्म कर्जा पाउने प्रबन्ध गरिएकाले पनि नयाँ उद्यम गर्न चाहने युवालाई सहज हुने विश्वास गर्न सकिन्छ। बैंकले कर्जा प्रवाह गर्दा पाँच लाख रूपैयाँसम्मको कर्जा एक किस्तामा १५ लाख रूपैयाँसम्मका लागि दुई किस्ता र सोभन्दा माथिको हकमा तीन किस्तामा कर्जा उपलब्ध गराउने व्यवस्था छ। स्टार्टअप कर्जाको अवधि अधिकतम पाँच वर्षको हुने छ।

परियोजनाले दोस्रो वर्षदेखि साँवा र ब्याजबापतको रकम तिर्न सुरु गर्नुपर्ने व्यवस्था कार्यविधिमा छ। हालसम्म १६७ परियोजनाले स्टार्टअप कर्जा लिएका छन्। नेपाल औद्योगिक प्रतिष्ठानका अनुसार, हालसम्म १७ करोड रूपैयाँबराबर कर्जा वितरण भइसकेको छ। *रासस*


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।

**1. Public Relation Officer - 4 (M/F)**

नोटः **+2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ।

**तलबः आपसी समझदारीमा**

**आवेदन तल दिईएको ईमेल वा ठेगानामा पठाउन सकिनेछ।**

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.com, Website :www.saudinepal.com


### निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको सूचना

मिति २०८१/०३/०४ गते कागेश्वरी मनोहरा-७, थापा चोकबाट पेप्सीकोला सम्म जाँदा मेरो निम्न व्यहोरा भएको सक्कली निवृत्तिभरण अधिकार पत्र (पेन्सन पट्टा) हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नामः शुभ बहादुर सनम**
**फोनः ९७६७२९२७८०**
**ठेगानाः कागेश्वरी, मनोहरा ७, काँडाघारी**
**पेन्सन पट्टा नं. : ५६६३०७**
**दर्जा : नेपाल आर्मी**

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

## स्वास्थ्य सेवा कार्यालय

रुकुम पश्चिम

### शिलबन्दी कोटेशन प्रस्ताव पेश गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०५/०६ गते**

प्रस्तुत बिषयमा रूकुम पश्चिम जिल्ला अस्पतालको हाता भित्र संचालनमा रहेको फार्मेसी तथा प्रयोगशाला सेवा संचालनका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु तथा केमिकल्स रियजेन्ट आपुर्ति गर्न सिलबन्दी कोटेशन प्रस्ताव पेश गर्नका लागि इच्छुक कम्पनि/फर्म/सप्लायर्सहरूले अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर दर्ता भएको प्रमाणपत्र, आ.ब. २०८०/८१ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी सहित मिति २०८१/०५/२० गते कार्यालय समयभित्र यस कार्यालयबाट तोकिएको स्पेशिफिकेसन अनुसार दररेट सहित यस कार्यालयमा सिलबन्दी कोटेसन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो कोटेशन मागको सुचना प्रकाशित गरिएको छ। यस कार्यालयबाट माग भए बमोजिम सामानहरूको दररेट पेश हुन आएमा आइटम वाइज मुल्याकंन गरी कम दररेट कबोल गर्ने आपुर्तिकर्तासँग यस कार्यालयले नियमानुसार कार्यसम्पादन जमानत पत्र लिइ एक बर्ष सम्मको लागि सम्झौता गरी सामान आपुर्तिको व्यवस्था गरिनेछ। प्रयोगशाला तथा फार्मेसी संचालनका लागि माग भएको शिलबन्दी कोटेशनको मुल्याकंन छुट्टाछुट्टै गरी सम्झौता भइसकेपछि यस कार्यालयको फार्मेसी तथा प्रयोगशाला शाखामा आवश्यकता अनुसारको औषधी तथा सामाग्रीहरु कबोल गरेको तथा स्वीकृत भएको दररेट अनुसारको माग अनुसारको परिमाण नियमित रूपमा सप्लाइ गर्नुपर्नेछ। आवश्यक कागजात पेश नगरेको र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन। साथै फर्म आंशिक वा पुरा स्वीकृत वा अस्वीकृत र रद्द गर्ने अधिकार यस कार्यालयमा रहनेछ। कोटेशन पेश गर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरूको लिष्ट यस कार्यालयको Website:http://hsorukumwest.karnali.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी आवश्यक कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र फोन नं ०८८-५३०४१० वा मोबाइल नं ९८४७८५४२३९ मा सम्पर्क गर्न सकिनेछ।

**डा.महेश चौलागाई**
नि.स्वास्थ्य सेवा व्यवस्थापक

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वस्थ्य निर्देशनालय

**सिन्धुली अस्पताल, सिन्धुली**

### शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०५/०६**

यस सिन्धुली अस्पताल, सिन्धुलीमा आ.व.२०८१/०८२ का लागि आवश्यक तपशिल बमोजिमको खरिद कार्यका लागि योग्यता प्राप्त शिलबन्दी बोलपत्रदाताहरुबाट विद्युतिय माध्यमबाट मात्र शिलबन्दी बोलपत्र पेश गर्न शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

| सि.नं. | ठेक्का सूचना नं. | कार्य विवरण | दरभाउपत्र दस्तुर रु. | जमानत रकम | दरभाउपत्र अपलोड गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय | विडवण्डको मान्य हुनुपर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | NCB-SH-01-081/82 | Supply and delivery of X-Ray Films for Konika X-Ray Film Printer | ३,०००।- | १,३०,०००।- | २०८१/०६/०७ गते दिनको १२ बजे | २०८१/०६/०७ गते दिनको २ बजे | दर्ता गर्ने अन्तिम मितिबाट घटीमा १२० दिन |
| २. | NCB-SH-02-081/082 | Supply and delivery of LAB Chemicals | ३,०००।- | २,७०,०००।- | २०८१/०६/०७ गते दिनको १२ बजे | २०८१/०६/०७ गते दिनको २ बजे | दर्ता गर्ने अन्तिम मितिबाट घटीमा १२० दिन |

बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नुपरेमा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: bolpatra.com.gov.np/egp मा हेर्न तथा यस अस्पतालको खरिद इकाईमा सम्पर्क गर्न सकिने छ।


## साउदीमा रोजगार

कम्पनी : Mohammed Al-Barghash Al-Mansoori and Sons Trading and Contracting Company
शहर : .....

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309007 | चलानी नं ६०२२३८६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | OFFICE CLEANING LABOUR | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031, 9762902411 9844661381, 9815039898, 9813413654, Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

## कतारमा रोजगार

कम्पनी : AL SHALL TRADING
शहर : ....

पूर्व स्वीकृति मिति २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 297218 | चलानी नं ६०२१२३०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Embroiderer | 2 | 0 | 1700 | ६२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gents Tailor | 2 | 0 | 1300 | ४७,७९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


**KALIKA HUMAN RESOURCE PVT LTD**
Govt. License 1331/074/75
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CITIZEN CONTRACTING CLEANING AND SERVICES

पूर्व स्वीकृति मिति २०८०/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 301566 | चलानी नं. ६०२१६४९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Busin. Excutive | 0 | 0 | 3000 | १०९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2500 | ९०,८३० | | | | | | | |
| 3 | Foreman | 22 | 0 | 1000 | ३६,३३५ | | | | | | | |
| 4 | General Clean Worker | 1 | 0 | 6000 | २१८,००० | | | | | | | |
| 5 | Labour | 32 | 0 | 1000 | ३६,३३५ | | | | | | | |
| 6 | Labour Services | 1 | 0 | 1200 | ४३,६०० | | | | | | | |
| 7 | Painter | 2 | 0 | 1200 | ४३,६०० | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | ९०,८३० | | | | | | | |
| 9 | Supervisor | 3 | 0 | 2500 | ९०,८३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HODA MUSAAF AWAD AL MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309272 | चलानी नं. ६०२२३८४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : HODA MUSAAF AWAD AL MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309273 | चलानी नं. ६०२२३८४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : HODA MUSAAF AWAD AL MUTAIRI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309271 | चलानी नं. ६०२२३८४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : STAR OF KINGDOM CONTRACTING SERVICES COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309168 | चलानी नं. ६०२२३८१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 9 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder Bulding | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : STAR OF KINGDOM CONTRACTING SERVICES COMPANY LIMITED

पूर्व स्वीकृति मिति २०८१/०५/०५ | LT. No. 309169 | चलानी नं. ६०२२३८१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 9 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Welder Bulding | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


**TESLA OVERSEAS PVT.LTD.**
Govt. License 1638/080/81
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAKAZ AL KHAYALAH RESTAURANT FOR POPULAR FOODS

पूर्व स्वीकृति मितिः २०८१/०५/०५ | LT. No.309267 | चलानी नं. ६०२२३८५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY

पूर्व स्वीकृति मितिः २०८१/०५/०५ | LT. No.309242 | चलानी नं. ६०२०३८५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forklift Driver/operator | 7 | 0 | 1800 | ६४,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Trucks Driver | 13 | 0 | 1800 | ६४,०५० | | | | | | | |
| 3 | Trailer/truck Driver | 5 | 0 | 1800 | ६४,०५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ १३ गते (29th Aug. 2024) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।


**Target Consultant Human Resources Pvt. Ltd.**
TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

# स्वास्थ्य मन्त्रालय र आविष्कार केन्द्रबीच सम्झौता



**काठमाडौं–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र राष्ट्रिय आविष्कार केन्द्रबीच संघीय सरकार मातहतका १७ अस्पतालमा रहेका उपकरणको मर्मतसम्भार र व्यवस्थापन गर्नेलगायतका विषयमा सहकार्य गर्ने सम्झौता भएको छ ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलको उपस्थितिमा मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्रालयका गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा. मदन उपाध्याय र आविष्कार केन्द्रकातर्फबाट अध्यक्ष डा. महाविर पुनबीच त्यससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सो अवसरमा स्वास्थ्यमन्त्री पौडेलले राज्यमा उपलब्ध सीमित स्रोत साधनकाबीच स्वास्थ्य क्षेत्रलाई व्यवस्थित गर्न उपकरणलाई चुस्त र व्यवस्थित तुल्याउनुपर्ने भएकाले केन्द्रसँग सहकार्य गर्न लागिएको बताए । मन्त्री पौडेलले भने, 'हामीले साधन स्रोत बढाएर तत्काल आवश्यकता अनुसारका उपकरण खरिद गर्नसक्ने अवस्था छैन, त्यसकारण अहिले हामीसँग भएका उपकरणलाई बढीभन्दा बढी प्रयोगमा ल्याउने सन्दर्भमा गरिएको सम्झौता महत्त्वपूर्ण प्रयास रहेको छ ।'

अस्पतालमा प्रयोग हुन नसकेर थन्किएका उपकरणलाई प्रयोगमा ल्याउन सकिएमा नयाँ खरिद गर्न लाग्ने ठूलो खर्च जोगिने उल्लेख गर्दै मन्त्री पौडेलले थोरै खर्चमा त्यस्ता सामग्री मर्मत र व्यवस्थापन गर्ने कामको थालनी भएको बताए । 'मर्मत र अरु ढंगले उपयोगमा ल्याउन नसकिने सामग्री अस्पतालमा छन्, प्रयोगमा आउने र नआउने छुट्याएर सोहीअनुरूप व्यवस्थापन गर्न जरुरी छ । त्यो काम गर्दा अस्पताल सफा हुने र कम खर्चमा उपकरण प्राप्त हुने भएका कारण आविष्कार केन्द्रसँग सहकार्य गर्न लागिएको हो,' उनले भने ।

मुलुकको प्रसिद्ध र स्थापित संस्था तथा विश्वास आर्जन गरिरहेको नेतृत्वलाई मन्त्रालयको महत्त्वपूर्ण कामको जिम्मेवारी दिन पाएकामा खुसी व्यक्त गर्दै मन्त्री पौडेलले सहकार्यको संस्कारले स्वदेशी संस्था र जनशक्तिलाई राज्यले विश्वास गरेको देखिने बताए ।

केन्द्रका अध्यक्ष पुनले स्वास्थ्य क्षेत्र सुधारका सन्दर्भमा आविष्कार केन्द्रले अर्को महत्त्वपूर्ण जिम्मेवारी पाएको प्रतिक्रिया दिए । उनले भने, 'यो जिम्मेवारी भनेको संघीय सरकारअन्तर्गत रहेका अस्पतालमा बिरामीको स्वास्थ्य परीक्षण गर्ने बायोमेडिकल उपकरण मर्मत गर्ने तथा ती उपकरणको अवस्था के-कस्तो छ भनी यकीन गर्ने हो ।' ती अस्पतालमा रहेका उपकरण के-कति प्रयोगमा आउनसक्ने र कुन अवस्थामा छन् भनी यकीन गर्ने तथा बनाउन सकिने र नसकिने पहिचान गर्ने कार्य केन्द्रले गर्ने छ । मर्मत गर्न सकिने भए बनाउने र नसकिने भए सोहीअनुसारको रायसुझाव आविष्कार केन्द्रले मन्त्रालयलाई दिने छ ।

'स्वास्थ्य मन्त्रालयले आविष्कार केन्द्रलाई ठूलो जिम्मेवारी दिएको छ,' अध्यक्ष पुनले भने, 'हामीले पाएको जिम्मेवारी नागरिकको स्वास्थ्यसँग सम्बन्धित छ । उपकरणलाई ठीक अवस्थामा राख्न सकिए धेरैको ज्यान बचाउन सकिन्छ । लाखौं नागरिकले यसको सेवा लिनसक्छन् । त्यसैले यो सानोतिनो जिम्मेवारी होइन ।' केन्द्रले क्षमताले भ्याएसम्म इमान्दार पूर्वक कुनै छलछाम नगरीकन राष्ट्र र जनताको सेवा गर्ने प्रतिबद्धता जनाउँदै अध्यक्ष पुनले नौलो र बृहत् क्षेत्र भए पनि विगतका अनुभवले काम पूरा गर्ने विश्वास व्यक्त गरे ।

सम्झौताअनुसार आविष्कार केन्द्रका प्रतिनिधि सबै अस्पतालमा गएर त्यहाँ प्रयोग नभएका र सूचीकृत भएका सामानको पहिचान गरी सोहीअनुरूपको प्रतिवेदन दिने छन् । आफैं बनाउन के कति मूल्य र पार्टपूर्जा चाहिन्छ त्यसको अभिलेख तयार गरिने छ । यस्ता काम आगामी दिनमा केन्द्रमार्फत नै अगाडि बढ्ने भएकाले उपकरण व्यवस्थापनमा महत्त्वपूर्ण सहयोग पुग्ने मन्त्रालयले जनाएको छ । सरकारको एउटा मन्त्रालयले प्राविधिकरूपमा काम गराउन आविष्कार केन्द्रलाई विश्वास गर्न सुरु गरेको छ । केन्द्रलाई राज्यले विश्वास गरेको, उपकरण प्रयोगमा आउनसक्ने सम्भावना बढेको हुँदा स्वास्थ्य क्षेत्रको खर्चको लागत घटाउन र प्राविधिक जनशक्तिको उपयोग हुने छ । सम्झौतापत्र कार्यान्वयन भएसँगै करोडौं मूल्य पर्ने तर सामान्य मर्मत नगरिँदा स्वास्थ्य क्षेत्रमा प्रयोगमा नआएका उपकरण प्रयोगमा आउने, सामान्य मर्मतपछि ती उपकरण सञ्चालनमा आउँदा नयाँ खरिद गर्नु नपर्ने तथा स्वदेशी जनशक्ति, स्रोत र साधन प्रयोग हुने विश्वास लिइएको छ । *रासस*

## नागढुंगामा पहिरो हटाएर एकतर्फी खुलाइयो सडक

**काठमाडौं (प्रस)–** चन्द्रागिरि नगरपालिका-२ स्थित नागढुंगामा खसेको पहिरो हटाएपछि बुधबार साँझदेखि एकतर्फी सवारी आवागमन खुलाइएको छ । प्रहरी वृत्त थानकोटका अनुसार साँझ ५ बजेदेखि सडक एकतर्फी खुलाइएको हो । वर्षा जारी रहँदा पहिरो पन्छाउने र खस्ने क्रम जारी भएकाले बुधबार बिहान १०:३० बजेदेखि पहिरो खसेर रोकिएको सडक खुलाउन दिनभर समय लागेको थियो । जसका कारण काठमाडौं नौविसे खण्ड प्रभावित भएको थियो ।

प्रहरी वृत्त थानकोटका प्रमुख प्रहरी नायब उपरीक्षक सूर्यप्रकाश सुवेदीले पानी थप परेको खण्डमा पुनः पहिरो खसेर अवरोध हुनसक्ने सम्भावना रहेको बताए । तीन वटा एक्साभेटरको सहयोगमा पहिरो पन्छाइएको थियो । नागढुंगा चोकबाट केही १०० मिटर पर नागमन्दिर नजिकै पहिरो खसेको हो । जसका कारण काठमाडौं भित्रिने र बाहिरिने सबै सवारीसाधान दिनभर ठप्प बनेको थियो ।


राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/०५/०६)

राप्ती सोनारी गाउँपालिकाको बिभिन्न सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रिय स्तरका दैनिक पत्रिकाहरुबीच प्रतिस्पर्धा गरी सबै भन्दा बढी छुट कबोल गर्ने वा न्युनतम दर कबोल गर्ने बिज्ञापन एजेन्सी बाट सूचना प्रकाशनको कार्य गर्नु पर्ने भएकोले सो सम्बन्धि कार्य गर्नका लागि ईजाजत प्राप्त इच्छुक बिज्ञापन एजेन्सीहरुले नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.ब. ०७९/०८० को कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि, प्यान र भ्याट दर्ता लगायतका आवश्यक कागजातका साथै सिलबन्दि दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीहरुले दररेट प्रस्ताव फाराम (BOQ) भरि सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलबन्दी दररेट पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारी यस कार्यालयको बेबसाइट www.raptisonarimun.gov.np मा बाट लिन सकिने छ ।



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा**
जनकपुरधाम, मधेश प्रदेश

**बोलपत्र आह्वान सम्वन्धी सूचना**

**सुचना नं : ०१-८१/८२, प्रकाशन मिति:** २०८१।०५।०६

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सुचना प्रकाशित भएको मितिले ३२ औं दिन (मिति २०८१।०६।०६ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट *www.bolpatra.gov.np/egp* बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha/Works/NCB/01-2081/82 | Various Construction works at District Administration Office, Mahottari. | *85,46,907.39* | 2,14,000.00 | 3,000.00 |
| 2 | FPIU/Dhanusha/Works/NCB/02-2081/82 | Construction of Shree Ramdev Janata Secondary School Building, Loharpatti-8, Mahottari. | *85,46,979.25* | 2,14,000.00 | 3,000.00 |
| 3 | FPIU/Dhanusha/Works/NCB/03-2081/82 | Construction of RCC Box Culverts at Matihani-6 Brahmasthan - Ward No. 9 Road Section, Matihani, Mahottari. | *85,40,801.29* | 2,14,000.00 | 3,000.00 |
